THE Coca-Cola COMPANY

# विश्वव्यापी
# मानव अधिकार
# नीति

दिसेम्बर 2023

## मानव अधिकार र हाम्रो कम्पनी

मानव अधिकारको सम्मान गर्नु Coca-Cola कम्पनीको मूलभूत मान्यता हो। यसले हाम्रा कर्मचारीहरुसंग हाम्रो सम्बन्ध, आपुर्तिकर्ताहरु र बोटलर्सहरुको हाम्रा अपेक्षाहरु र समुदाय र ग्राहकहरुसंगको हाम्रो संलग्नतालाई समेटेको छ । हामी संयुक्त राष्ट्र संघको ब्यवसाय तथा मानव अधिकार सम्बन्धी मार्गदर्शक सिद्धान्तहरुलाई अपनाउने पहिलो कम्पनी मध्ये एक हौं । किनभने उक्त सिद्धान्तहरु हाम्रो सस्थागत नैतिकता, लक्ष्य तथा दर्शन अनुकुल छन् । हामी विश्वव्यापी कम्पनी हौं र हामीबाट प्रभावितहरुको जीवनस्तर सुधार्न प्रयास गर्छौं ।

हाम्रो मानव अधिकार नीतिले हाम्रा मुल्य मान्यताहरु प्रतिविम्वित गर्दछ र मानव अधिकार सम्बन्धि हाम्रो यात्रामा मार्गदर्शकको रुपमा रही रहनेछ । यो नीति द कोका कोला कम्पनी, हाम्रो स्वामित्वमा रहेका निकाय, हाम्रो अधिकांश हित भएको र हामिले ब्यावस्थापन गरेको सुविधाहरुमा लागु हुन्छ । हामी हाम्रा स्वतन्त्र बोटलर्स र आपूर्तिकर्ताहरूले हाम्रा आपूर्तिकर्ता मार्गनिर्देशन सिद्धान्तहरू अनुरूप हाम्रो मानव अधिकार मापदण्डहरूको सम्मान गर्ने अपेक्षा गर्दछौँ।

---

## हाम्रो प्रतिबद्धता

हामी हाम्रो सबै व्यवसाय संचालन र मुल्य श्रृंखलामा संयुक्त राष्ट्र संघिय व्यवसाय तथा मानव अधिकार सम्बन्धी मार्गदर्शक सिद्धान्त तथा ओईसिडिको बहुराष्ट्रिय कम्पनीहरु लागि निर्देशिकामा प्रतिबद्ध छौं। हामी मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनहरु, अन्तराष्ट्रिय श्रम संगठनका मुलभुत सम्मेलन तथा अन्तराष्ट्रिय श्रम संगठनको मौलिक सिद्धान्तहरु तथा कार्यस्थलको अधिकार सम्बन्धि घोषणापत्रले आत्मसात गरेका सवै अन्तराष्ट्रिय मान्यता प्राप्त मानव अधिकारको सम्मान गर्दछौं ।

हामी अल्पसंख्यक समुदाय, महिला, आप्रवासी कामदार र बालबालिकाहरू लगायतका हाम्रा सबैभन्दा कमजोर सरोकारवालाहरूप्रतिको उच्च जिम्मेवारी स्वीकार गर्छौँ। हामी हाम्रा सञ्चालन र मूल्य श्रृङ्खलाहरूमा मानव अधिकारका प्रमुख जोखिमहरू पहिचान र सम्बोधन गर्ने प्रयास गर्छौँ। हामी जोखिम न्यूनिकरण तथा रोकथामको लागि उचित मुल्यांकन गर्दछौ र सरोकारवालाहरुसंग निरन्तर संलग्न हुन्छौं । हामी उपयुक्त भएमा उपचारसम्मको पहुँच दिन्छौं र सहकार्य पनि गर्दछौं ।

# निम्न अधिकारहरू हाम्रो विश्वव्यापी कार्यक्रमको आधारशिला छन्:

## सुरक्षित र स्वस्थ कार्यस्थल

कामदारहरू विश्वासयुक्त, सुरक्षित र स्वस्थ कार्यस्थलको हकदार हुन्छन्। हाम्रो आफ्नै सञ्चालनहरू भित्र, हामी दुर्घटना, चोटपटक र स्वास्थ्य जोखिमहरूको जोखिमलाई कम गर्न काम गर्छौं। हामी भययुक्त वा शत्रुतावत वातावरण सिर्जना गर्ने अवान्छित मौखिक, शारीरिक, यौनिक वा अन्य व्यवहाहरुजस्ता उत्पिडनहरु सहदैनौ ।

## विविधिता र समावेशिता

सवै श्रमिकहरु समान मार्यादा र सम्मानपूर्वक व्यवहारको हकदार हुन्छन् । हामी जाती लिंग, रंड, राष्ट्रिय वा सामाजिक उत्पति, जातीयता, धार्मिक, उमेर, अपांगता, स्वास्थ्यस्थिति, लैंगिक झुकाव, बैंवाहिक स्थिति, भर्गावस्था, लैंगिक पहिचात वा अभिव्यक्ति, राजनितिक विचार, वा प्रचलित सरक्षण कानून अन्तरगत संरक्षण गरिएका अन्य बर्ग आदिका आधारमा भेदभावबाट विविधतापूर्ण, निष्पक्ष र समावेशी कार्यस्थहरुमा सक्रिय रुपमा काम गर्छौं ।

## संगठित हुने स्वतन्त्रता

श्रमिकहरुलाई प्रतिशोध, धम्की, हिंसा वा उत्पीडनको भय रहित टे«ड युनियनमा खोल्ने वा सहभागी हुने अधिकार हुनेछ । स्थानीय कानूनले संगठनको अधिकारलाई अनावश्यक रुपमा प्रतिवन्ध गरेको अवस्थामा हामी सामुहिक श्रम सम्वाद र व्यवस्थापनसंगको पहुँचको बैकल्पिक माध्यमहरु मार्फत सहयोग गर्दछौं ।

## बाध्यकारी श्रमबाट उन्मुक्ति

हामी कारागार श्रम, अनुबन्धित श्रम, बाधा श्रमिक, सैनिक श्रम, दास श्रम वा कुनै पनि प्रकारका मानव तस्करीजस्ता जुनसुकै प्रकारका बाध्यकारी श्रम प्रयोगलाई निषेध गर्दछौं । कामका शर्त तथा बन्देजहरु निष्ठापूर्ण र स्पष्ट रुपमा प्रत्येक कामदारले बुझ्ने भाषामा उल्लेख गरिएको हुनु पर्दछ ।   कसैलाई पनि निजको रोजगारी सुरक्षित गर्न करकाप, धोखा, शुल्क तिर्न वा आफ्नो व्यक्तिगत कागजातहरु समर्पण गर्न लगाईने छैन ।

## बाल श्रमबाट स्वतन्त्रता

हामी १५ वर्ष वा कानून बमोजिम काम गर्न पाउने उमेर वा अनिवार्य विद्यालयको उमेर मुध्ये जुन बढी हुन्छ सो भन्दा कम उमरेका वालबालिककालाई काममा राख्न निषेध गर्दछौं । कुनै पनि अपवाद कानून बमोजिम हुनु पर्दछ र अन्तराष्ट्रिय श्रम संगठनको धारा ७ अन्तरगत अनुमति योग्य (हल्का काम) को परिभाषा अनुकुल हुनु पर्दछ । हामी अन्तराष्ट्रिय श्रम संठनले खतराजन्य ठानेका काममा संलग्न हुन १८ वर्ष भन्दा कम उमेरका कसैलाई पनि काममा राख्न निषेध गर्दछौं । हामी सवै कर्मचारीहरुको नियुक्तिको बेला उनिहरुको उमेर यकिन गर्दछौं ।

## ज्याला र काम गर्ने समय

श्रमिकहरुलाई राष्ट्रिय कानून, उद्योग मापदण्डहरु, स्थानीय श्रम बजारहरु र सामाुहिक सौदावाजी सम्झौताका सम्बन्धित शर्त तथा बन्देज अनुरुप औचित्यपूर्ण हिसावले पारिश्रमिक भुक्तानी दिईने पर्दछ । सवै अतिरिक्त काम वापतको थप भुक्तानी गरिन्छ र सवै कामदारलाई आराम गर्ने उचित समयावधि र विदाको हकदार हुनेछ ।

## भूमि अधिकार

हामी समुदायको कानुनी र परम्परागत सम्पत्ति अधिकारको सम्मान गर्छौं। हामी जग्गा कब्जा सहदैनौं र स्वतन्त्र, अग्रिम तथा सूसचित सहमतिको सिद्धान्त अनुसार जग्गा प्राप्त गर्ने प्रक्रियामा आदिवासी समुदायहरुलाई पर्याप्त तथा उचित मरामर्श गरिनु पर्दछ ।

## पानी र पर्यावरण व्यवस्थापन

हामी पानीको दवाव समाधानको गर्न पानी सम्बन्धी मानव अधिकरमा आधारित अवधारणाको अवलम्बन गर्दछौं । जसले स्थानीय पानीको जोखिम न्यूनिकरण, सरकार, समुदाय तथा अन्य सरोकारवालाहरुसंग परामर्श तथा साझेदारी गर्दछ र आवश्यक परेको खण्डमा श्रोतमा आधारित योजनाहरु कार्यान्वयन गर्दछ । हामी हाम्रो वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न र विज्ञानमा आधारित लक्ष्यहरू मार्फत हाम्रो कार्बन फुटप्रिन्ट कम गर्न सक्रिय रूपमा काम गर्छौं। हामी आपत् र दिर्घकालिन जलवायु दवावहरुमा दृढता निर्माण गर्ने पद्दतिहरुको माध्यमबाट प्राकृतिक वासस्थान, संरक्षित क्षेत्रहरु र जैविक विविधताको प्रवद्र्धन र संरक्षण गर्न पनि सहयोग गर्दछौं ।

## गोपनीयता

हामी व्यक्तिहरूको गोपनीयता अधिकारको सम्मान गर्छौँ र हाम्रो गोपनीयता नीतिहरू अनुसार, हामीलाई सुम्पिएको व्यक्तिगत र गोप्य जानकारीको सुरक्षा गर्न उचित सुरक्षाहरू लागू गर्छौं। हामी ब्यक्तिगत सूचनाहरुको सही र मापनयोग्य प्रयोगको हाम्रो तरिकालाई निरन्तर सुदृण गर्न सहयोगी हुने गरी प्रश्नहरु वा आफुलाई लागेका कुराहरु राख्ने लक्षित माध्यमहरु प्रदान गर्दछौं।

## उपभोक्ता कल्याण

मानव अधिकारप्रतिको हाम्रो प्रतिबद्धता हाम्रा ग्राहक र उपभोक्ताहरूमा फैलिएको छ। हामी उत्तरदायी बजारिकरण र उपभोक्ताहरुलाई सूसूचित भई छनौट गर्न तथा स्वस्थ्यकर जीवनशैली कायम गर्न सहयोग पुग्ने पारदर्शी तथा पहुँच योग्य पोषणयुक्त सूचना र विविध दायराको पेयपदार्थको विकल्प उपलब्ध गराउन प्रति प्रतिबद्ध छौं।

---

## शासन र कार्यान्वयन

यो नीति हाम्रो वरिष्ठ उपाध्यक्ष, ग्लोबल मानव अधिकार, श्रम र कर्मचारी सम्बन्ध द्वारा निरीक्षण गरिन्छ, जसले कम्पनीको प्रमुख कार्यकारी अधिकृत र निर्देशक बोर्डलाई नियमित रूपमा रिपोर्ट गर्दछ। विश्वब्यापी मानव अधिकार विभाग (GHR) ले कम्पनीको मानव अधिकार रणनीति र कार्यक्रमहरुको नेतृत्व गर्ने, हाम्रो प्रमुख जोखिमहरु, कार्यसम्पादन र विश्वव्यापी मुल्य श्रृंखलामा विकसित चाहानाहरुको बारेमा संचालक समितिलाई नियमित रुपमा जानकारी गराउँदछ।

GHR ले कम्पनीभरमा मानव अधिकार सम्बन्धी नीति र कार्यक्रमहरु विकास गर्न, मानव अधिकारको मुल्यांकनको कार्यान्वयन गर्न, सरोकारवालाहरुसंग सम्पर्क तथा मानव अधिकार सम्बन्धी तालिम प्रदान गर्न सञ्जालयुक्त संगठनको रुपमा कार्य गर्दछ। GHR ले हाम्रा आपूर्तिकर्ता मार्गनिर्देशन सिद्धान्तहरूको कार्यान्वयनको पनि निरीक्षण गर्दछ, जसले हाम्रा स्वतन्त्र बोटलर्स र आपूर्तिकर्ताहरूप्रति हाम्रो मानव अधिकार अपेक्षाहरू, वार्षिक मेट्रिक्स मार्फत कार्यक्रमको प्रभावकारिताको अनुगमन र रिपोर्टिङलाई स्पष्ट गर्दछ।

## आपूर्तिकर्ता र बोटलर अपेक्षाहरू

आपूर्तिकर्ताहरूका लागि हाम्रा आवश्यकताहरू दिगो कृषिका लागि हाम्रा आपूर्तिकर्ता मार्गनिर्देशन सिद्धान्तहरू र सिद्धान्तहरू मार्फत सम्झौता र परिचालन गरिएका छन् । हामीले आपूर्तिकर्ता र बोटलर्सले यी मानव अधिकार आवश्यकताहरू पूरा गरेको सुनिश्चित गर्न कठोर कार्यक्रम कायम राख्छौँ । हामी बोटलर्स र आपुर्तिकर्ताहरुसंग उनिहरुलाई मानव अधिकारका चुनौतिहरु सम्बोधन गर्न र क्षतिको उपचार गर्न सहयोग गर्दछौँ । तर, आवश्यकता अनुसार मानव अधिकारको सन्दर्भमा आपुर्तिकर्तासंगको सम्बन्ध समेत अन्त्य गर्दछ ।

## सरोकारवालाको संलग्नता

हामी समुदाय, श्रमिक, मानव अधिकारकर्मी र अन्य सरोकारवालाहरूसँग उनिहरुका धारण हाम्रा निर्णयहरुमा सूचित हुन्छन भन्ने कुराको यकिन गर्न नियमित रुपमा सम्पर्कमा हुन्छौं । हामीसंग सहकार्य गर्ने मानव अधिकारकर्मी र अन्य सरोकारवालाहरुलाई हिंसा, धम्की वा अन्य बदला लिने जस्ता कार्यबाट रक्षा गर्ने सवै उपायहरु अवलम्बन गर्दछौं । हामी ती सम्बन्धहरूलाई हाम्रो सफलता र संसारसँगको हाम्रो सैद्धान्तिक संलग्नताका लागि महत्त्वपूर्ण ठान्छौँ ।

## गुनासो र समाधान

व्यवसाय र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय मार्गदर्शक सिद्धान्तहरु अनुरुप हामी हाम्रो संचालनसंग सम्बन्धित भएको कारण मानव अधिकारको प्रतिकुल रुपमा प्रभावित हुने जो सुकैलाई उपुयक्त उपचारसम्मको पहुँच सुनिश्चित गर्नका लागि काम गर्दछ । कर्मचारी, आपुर्ति व्यवस्थाका श्रमिकहरु, प्रभावित समुदायका सदस्य वा अन्य कुनै पनि व्यक्तिका लागि हाम्रो] KO Ethics Line मा मानव अधिकार वा नैतिकता सम्बन्धी सरोकारहरुमा उजुरी गर्न अनुमति छ । यो अनलाईन वा टेलिफोन मार्फत २३ भाषा मार्फत पहुँच गर्न सकिन्छ । उजुरी र गुनासो अज्ञात रूपमा दायर गर्न सकिन्छ। हामी कुनै पनि उल्लंघनको अनुसन्धान र उचित सुधारात्मक कारवाही गर्छौं । हामी हामो गुनासो सुनुवाईको माध्यमलाई उजुरीकर्ताको कानूनी अधिकारको त्याग गर्ने शर्तको प्रयोग कहिल्यै गर्दैनौं ।

कम्पनीसँग यो नीति कुनै पनि समयमा परिमार्जन गर्ने अधिकार सुरक्षित छ। यो नीतिको अनुपालन गर्नाले Coca Cola कम्पनीसँगको निरन्तर रोजगारी सुनुश्चित गर्दैन ।